# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०६/२६)**

लिखु गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागि आवश्यक देहाय अनुसारका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२-२०८०/०८१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः- लिखु गाउँ कार्यपालिकाको कार्यालय,डुँडे,नुवाकोट ।

३. दरखास्त दिने अन्तिम मितिः- २०८०/०७/१६

४. आवेदन दस्तुरः- रु. ५००।-

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-

- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. पाठ्यक्रम तथा सेवा सुविधाः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- करार सम्झौता बमोजिम हुनेछ ।

९. करार सर्वा अवधि- २०८१ असार मसान्त सम्म ।(आवश्यकता अनुसार थप हुँदै जान सक्ने)

१०.परीक्षा मिति, समय र स्थानः पछि प्रकाशन गरिनेछ ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र www.likhumunnuwakot.gov.np मा उपलब्ध छ ।

२०८०।६।२६

कृष्ण प्रसाद घिमिरे

प्रमुख प्रशासकीय अधिकृत